## कार्यपालिकाको एघारौं बैठकको निर्णयहरु

मिति : २०८०/०२/१०

**निर्णय नं. १ :** भीमेश्वर नगरपालिकाको मिति २०७९/१२/१३ गते बसेको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको प्रगति समीक्षा गरियो ।

**निर्णय नं. २ :** भीमेश्वर नगरपालिका वडा नं. ३ सातदोबाटोमा निर्मित बहुउद्देश्यीय सपिंग कम्प्लेक्स भवन मासिक रु ५,२६,०००/- मा भाडामा लगाउन मिति २०७९/१२/१० मा सूचना प्रकाशन भएकोमा कुनै पनि प्रस्ताव दर्ता हुन नआएको, आर्थिक मन्दीको अवस्थामा बजारको वर्तमान आर्थिक सर्वेक्षण तथा विश्लेषण गरी कार्यालयबाट पुन: भाडा दर तय गर्न गरेको अध्ययन तथा सिफारिसका आधारमा पेश भएको मासिक न्यूनतम् भाडा दर रु ४,२६,०००/- (चारलाख छबिस हजार) कायम गरी बढाबढमा कबोल गर्ने e-GP मार्फत सूचना प्रकाशन गर्ने मिति २०८०/०२/०२ गते नगर प्रमुखको अध्यक्षतामा बसेको बैठकबाट सातदोवाटो बहुउदेशीय सपिंग कम्प्लेक्स भवनको भाडा दर र प्रस्ताव पत्र स्वीकृत गर्ने र सूचना प्रकाशन गर्ने सम्वन्धी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** आ.व. २०७९/०८० मा शहरी शासकीय पूर्वाधार विकास कार्यक्रमका लागि चालु आ.व.मा कार्य सम्पन्न गर्नेगरी प्राप्त थप रु २ करोड बजेटबाट कार्यक्रमको कार्यविधिको परिधि भित्र रही देहायका वडाबाट सिफारिस भई आएका तपसिल बमोजिमका आयोजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नं. | आयोजनाको नाम | बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | १ | कोटेपोले पहिरो नियन्त्रण आयोजन | १० लाख | |
| २ | | वडा कार्यालय पूर्वाधार निर्माण | १० लाख | |
| ३ | २ | पिंगल नक्छे बाटो ढुंगा छाप्ने कार्य | १५ लाख | |
| ४ | ३ | मर्यांग खोला पहिरो नियन्त्रण आयोजना | १० लाख | |
| ५ | | पाखाटोल खानेपानी तथा सडक स्तरोन्नति | १० लाख | |
| ६ | | बासझांग - बाँकेबारी सडक निर्माण | १५ लख | |
| ७ | ४ | डिही - फसीभै एकिकृत बस्ती पूर्वाधार निर्माण (ब्लक क) | १३ लाख | |
| ८ | | डिही - फसीभै एकिकृत बस्ती पूर्वाधार निर्माण (ब्लक ख) | १२ लाख | |
| ९ | ५ | कमिनचौर - महेन्द्रोद्वय मा.वि. सडक मर्मत | २० लाख | |
| १० | | कमिनचौर - हलढुंगा सडक मर्मत | १० लाख | |
| ११ | ६ | जनजाति साँस्कृतिक संग्रहालय पूर्वाधार निर्माण | १५ लाख | |

२०८०/०२/१०

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १२ | ७ | कम्पनी - मानेटार सडक स्तरोन्नति | २० लाख | |
| १३ | ८ | कृषि ठाडो सिम देखि दलित बस्तीसम्मको सडक निर्माण | २० लाख | |
| १४ | ९ | मनमोहन मार्ग स्तरोन्नति | १० लाख | |
| १५ | | मितेरी मार्ग स्तरोन्नति | १० लाख | |

**निर्णय नं. ४ :** सर्वसाधारणका सुविधा तथा भीमेश्वर नगरपालिकाको प्रमुख शहरी केन्द्र सातदोवाटो क्षेत्रलाई सफा र व्यवस्थित गर्न यस नगरपालिकाको सातदोवाटोमा निर्मित बहुउद्‌वेश्यीय सपिंग कम्प्लेक्स भवनको भुई तलामा निर्माण भएको शौचालयलाई सार्वजनिक शौचालयको रुपमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भीमेश्वर नगरपालिकाका किसान सूचीकरण कार्यक्रमका लागि भीमेश्वर नगरपालिकाका सबै वडाहरुमा शिविर संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** भीमेश्वर नगरपालिकाको बालबालिका संरक्षण कोष संचालन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** सडकमा सवारी आवतजावतमा सहजता र सुरक्षाका लागि भीमेश्वर नगरपालिका वडा नं ७ क्षेत्रभित्रका सडक अधिकार क्षेत्रभित्र रहेका काठ लगायतका सामाग्रीहरु हटाउन अनुरोध भई आएकोले सम्वन्धित निकायहरुको समन्वय र सहयोगमा हटाउन ७ नं. वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ८** भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट मिति २०७९/१०/२४, पत्र संख्या ०७९/८० र च.नं. ७८७ को पत्रानुसार भीमेश्वर नगरपालिकामा गुनासो सुनुवाई अधिकारीको जिम्मेवारी भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका शाखा अधिकृत (शिक्षा) श्री अर्जुन बहादुर कार्कीलाई तोकी गरिब परिवारको प्रारम्भिक सूची प्रकाशन गरिएको र गुनासो सुनुवाई मार्गदर्शन, २०७८ बमोजिम तोकिएको म्याद भित्रै यस कार्यालयमा गुनासो संकलन गरिएको र नगर उपप्रमुख कमला बस्नेतज्यूको संयोजकत्वमा बसेको गुनासो सुनुवाई समितिको मिति २०८०/०१/३० गतेको बैठकबाट गरिव परिवारको सूची पारित गरी आवश्यक कार्यार्थका लागि भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा पठाउने सम्वन्धी भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** भीमेश्वर नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रमलाई आवश्यकताका आधारमा वडा समितिबाट संशोधनका लागि सिफारिस भई आएका तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरुमा शिर्षकान्तर तथा रकमान्तर गरी सो को आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | नगर/ वडा | आयोजनाको नाम | विनियोजित बजेट | संशोधित आयोजना | संशोधित बजेट |
|---|---|---|---|---|---|

२०८०/०२/१०
**दीपक प्रसाद खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | कँ) सि.नं. १०३ को प्रधानाध्यापक बैठक<br>ख) सि.नं. १३३ विशेष छात्रवृति कार्यक्रम | १ लाख ५० हजार<br>१ लाख | रिक्त करार शिक्षकको परीक्षा संचालन तथा व्यवस्थापन | २ लाख ५० हजार |
| २. | नगर | सि.नं. १९८ बाट संशोधित दुना टपरी गास्ने तालिम | १ लाख | क्रिष्टलको चुरा, पोते, टप बनाउने तालिम | १ लाख |
| ३ | नगर | ढुंगा/बालुवा IEE | ५ लाख | आयोजना संचालन सफ्टवयर तयार गर्ने | ५ लाख |
| ४ | २ | क) सि.नं. ३००को कृषि तरकारी खेती पकेट क्षेत्र कार्यक्रम<br>ख) सि.नं.३०२ को फलफुल पकेट क्षेत्र कार्यक्रम | ३ लाख<br>२ लाख | क) कृषकलाई हाते ट्याक्टर वितरण कार्यक्रम। | ५ लाख |
| ५. | | सि.नं. ३३८ को जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम | २ लाख | जेष्ठ नागरिक सामाग्री वितरण कार्यक्रम | २ लाख |
| ६ | | सि.नं. ३३७ को आधुनिक आरन निर्माण | २ लाख | आधुनिक आरन सामाग्री वितरण | २ लाख |
| ७ | ५ | क)सि.नं.४८६ विपद व्यवस्थापन कार्यक्रम<br>ख) सि.नं. ४८२ चर्नावती घाट जाने बाटो मर्मत | १ लाख<br>१ लाख | मथानी सुवेदी टोल सडक स्तरोन्नति | २ लाख |
| ८ | ८ | सि.नं.२६६ किवी बिरुवा वितरण | बाँकी १ लाख | देवी मावि खेल मैदान | १ लाख |
| ९ | | सि.नं.५६८ समपुरक कोष | ४ लाख | देवी मावि खेल मैदान | ४ लाख |
| १० | ९ | सि.नं. ६३८ स्वयंसेविकाको क्षमता विकास कार्यक्रम | २ लाख | स्वयंसेविका अवलोकन भ्रमण | २ लाख |
| ११ | | सि.नं. ५९० क्षमता विकास खेलकुद प्रतियोगिता | २ लाख | विधुतीय शैक्षिक सामाग्री खरिद | २ लाख |

**निर्णय नं. १० :** साहसिक खेल पर्यटन प्रवर्द्वन मार्फत भीमेश्वर नगरपालिकाको पर्यटन विकासका लागि मिति २०८०/०२/१३-१५ मा कालिन्चोक मन्दिरदेखि नागदह/तामाकोशीसम्म संचालन हुने माउन्टेन बाइक साईक्लिंग कार्यक्रम व्यवस्थापनका लागि तपसिल बमोजिमको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

२०८०।०२।१०

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

| | |
|---|---|
| संयोजक | श्री स्टालिन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. २ |
| सदस्य | श्री नविन कुमार लामा , वडा अध्यक्ष, वडा नं. ६ |
| सदस्य | श्री बासु श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. ५ |
| सदस्य | श्री सुशिला थापा, कार्यपालिका सदस्य |
| सदस्य | श्री खेम कुमारी श्रेष्ठ, कार्यपालिका सदस्य |
| सदस्य | ई. श्री सुरेश राउत , ईन्जिनियर |
| सदस्य | ई. श्री नारायण प्रसाद शिवाकोटी, ईन्जिनियर |
| सदस्य | श्री श्याम बहादुर खड्का, सि. अहेव अधिकृत |
| सदस्य | श्री ज्ञानु कुमार खड्का, शाखा अधिकृत |
| सदस्य | ई. श्री किरण दहाल, सूचना प्रविधि अधिकृत |
| सदस्य सचिव | श्री नारायण प्रसाद सेढाई, वरिष्ठ शाखा अधिकृत |

**निर्णय नं.११:** भीमेश्वर नगरपालिकामा आ.व. २०७९/०८० मा संचालन हुने आयोजना/कार्यक्रमहरु सम्झौता गर्ने म्याद २०८० जेठ १५ गतेसम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं. १२ :** आ.व. २०८०/०८१ को वार्षिक नीति योजना, कार्यक्रम, बजेट तर्जुमा सम्वन्धमा भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तयार गरेको योजना तर्जुमा तालिका, बजेट सिलिंग र मार्गदर्शन स्वीकृत गर्ने निर्णय गरियो। साथै स्वीकृत तालिका, मार्गदर्शन र बजेट सिलिंग विषयत शाखा र वडाहरुलाई योजना तर्जुमा प्रयोजनका लागि प्रदान गर्ने निर्णय गरियो। आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम मिति २०८०/०३/ ०६ गते बुधवारको दिन नगर सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ विविध :**

क) आर्थिक बर्ष ०७९/०८० का लागि बागमती सरकारबाट हस्तान्तरित कार्यक्रम जिल्ला प्रशासन **गेट-पुरानो सभाहल सडक** (वडा नं.३ ) निर्माण गर्नका लागि भएको सर्वपक्षीय छलफल पश्चात प्रस्तावित सडक खण्डमा पर्ने धार्मिक क्षेत्र कोटीहोम व्यवस्थापन समितिबाट बिमती जनाएकोले उक्त सडक आयोजनाको शुरु बिन्दुदेखि करिव ४० मिटर उत्तरपूर्व तर्फ रहेको साङ्खोलाको बाँया किनाराबाट अब सो सडकको निर्माण कार्य शुरु गर्ने र पुरानो सभाहलसम्म पुर्याउने गरी निर्माण कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

२०८०/०२/१०

**दीपक प्रसाद खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

ख) चालु आ.व मा सुनजन्य विपदबाट भएको जोखिम न्यूनीमनकरणका लागि सम्वन्धित वडाबाट सिफारिस भई आएका आवास संरक्षण कार्यक्रमको बाँकी भुक्तानी र सम्भाव्य विपद पूर्व तयारी तथा व्यवस्थापनका लागि रु १५ लाख सम्मको आवश्यक सामाग्री खरिद गर्ने निर्णय गरियो ।

ग) वडा नं. ३ को नयाँबसपार्क पदमार्ग रेलिंग निर्माणका लागि नगर पूर्वाधार शीर्षकबाट बाट रु १ लाख उपलब्ध गराउने ।

घ) भीमेश्वर नगरपालिकामा खुल्ला अन्तराष्ट्रिय चेस प्रतियोगिता, २०८० संचालनका लागि सि. नं.१५० को जे.सि.अडिट/स्वास्थ्य सस्था अडिट शीर्षकबाट रु १ लाख उपलब्ध गराउने ।

ङ) माउन्टेन बाइक साईक्लिंग कार्यक्रम, २०८० संचालनका लागि नगर सि. नं. .१८१ मेलामहोत्सब समारोह संचालन खर्च शीर्षकबाट रु ३ लाख उपलब्ध गराउने ।

च) सोक्लाश्वरी पर्यटन विकास समाजको आयोजनामा भीनपा २ मा मिति २०८०/०२/१८ देखि २० सम्म आयोजना हुने सोक्ला रक क्लाईम्बिंग महोत्सव, २०८० संचालन तथा व्यवस्थापन गर्न ५० थान कुर्सि खरिद समेतका लागि सि. नं.१८१ सि. नं. .१८१ मेलामहोत्सब समारोह संचालन खर्च शीर्षकबाट रु १ लाख ५० हजार उपलब्ध गराउने ।

छ) भीमेश्वर नगरपालिकाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम सि.नं. २२९ को सिभिल ईन्जिनियरिंग प्रयोगशाला उपकरण खरिद शिर्षकबाट आवश्यक उपकरण खरिद गर्न सूचना प्रकाशन गर्ने प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै भी.न.पा. ३ स्थित कालिन्चोक मा.वि.मा संचालित सिभिल ईन्जिनियरिंग डिप्लोमा तहबाट समेत प्रयोगशाला उपकरण माग भई आएकोले गुणस्तरीय प्राविधिक शैक्षिक विकासका लागि Rapid Moisture Meter Set - थान १, Digital Vernier Caliper 6 inch - थान १, 8/12 inch Electric Sieve Shaker- थान १, Concrete Core Cutter Electric Cum Hand Core Cutter with dolly & Rammer -थान १ खरिद गरी कालिन्चोक मा.वि.लाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

ज) भीमेश्वर नगरपालिका क्षेत्रभित्र रहेका विपन्न दलित, महिला, बालबालिका, जेष्ठ नागरिकहरुलाई न्याय र स्वास्थ्य उपचारमा थप सहज पहुँच उपलब्ध गराउने निर्णय गरियो ।

झ) थामी जातिको जातीय संस्कारलाई सुरक्षित राख्न कार्यपालिका सदस्य गोपाल बहादुर थामीले तयार गरेको थामी जातिको जन्म र बिबाह पद्दति नामक पुस्तक थान ५०० (पाँचसय) प्रकशान गर्नका लागि यस नगरपालिकाबाट सहयोग प्रदान गर्ने निर्णय गरियो ।

२०८०/०२/१०

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३